# बडीमालिका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## मार्तडी बाजुरा

सुदूरपश्चिम प्रदेश

पत्र संख्या :- २०७७/०७८/
चलानी नं.:-

मितिः-२०७७/०७/१९

**ढुङ्गा गिट्टी रोडा तथा बालुवा बिक्री तथा निकासी शुल्क संकलन कार्यको शिलबन्दी बोलपत्र आह्वान सम्वन्धी सूचना ।**
**तेस्रो पटक प्रकाशित मिति २०७७/०७/१९**

यस कार्यालयबाट चालु आर्थिक बर्ष २०७७/०७८ का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(घ)(६)बमोजिम बडीमालिका नगरपालिका क्षेत्र भित्रका तपसिलका खोलामा स्वीकृत IEE प्रतिवेदन अनुसार ढुङ्गा, गिट्टी, रोडा तथा बालुवा बिक्री तथा निकासी शुल्क संकलनको कार्य ठेक्का बन्दोवस्तबाट गर्नुपर्ने भएको हुँदा सम्बन्धित निकायबाट इजाजत प्राप्त गरी मुल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक फर्म, कम्पनी वा व्यक्तिबाट यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा तपसिलका शर्त बन्देजको अधिनमा रही बोलपत्र फाराम यस कार्यालयबाट खरिद गर्न र १६ औ दिनको १२.०० बजेसम्म शिलबन्दी बोलपत्र दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। शुल्क अशुली सम्बन्धी दररेटको विवरण तथा कर संकलन सम्बन्धी थप शर्तहरु बोलपत्र फाराम साथ उपलब्ध गराइने छ। साथै ठेक्का सम्बन्धी थप जानकारी यस कार्यालयको राजस्व/प्रशासन तथा आर्थिक प्रशासन शाखामा कार्यालय समयभित्र सम्पर्क राखेर वा यस नगरपालिकाको वेव पेज www.badimalikamun.gov.npबाट समेत लिन सकिनेछ ।

| सि.नं | ठेक्का नं | ठेक्का विवरण | निकासी गर्न सकिने परिणाम | न्यूनतम अंक मूल्य अभिवृद्धि कर बाहेक | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०२/२०७७/०७८ | बडीमालिकानगरपालिका भित्रका स्वीकृत IEE प्रतिवेदन बमोजिम बाउली,अनाई,भौनेरा,बुढीगंगा हुदै जडाङ्गासम्मको क्षेत्रवाट ढुङ्गा गिट्टी रोडा तथा बालुवाको शुल्क संकलन गर्ने कार्य | ६२७१।० घ.मि.. | ४,४२,४८१.७६ | रु. १,०००।० |

**शर्तहरु:**

१. बोलपत्र दर्ता गर्दा शिलबन्दी खामको बाहिरपट्टी नाम प्रस्ट बुझिने गरी लेखु पर्नेछ ।

२. शिलबन्दी बोलपत्र फारामसाथ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, सम्बन्धित निकायमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिबृद्धिकर सहितको PAN को प्रतिलिपि आफ्नो ठेगाना भएको स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाण पत्र र आर्थिक बर्ष २०७६/०७७ को आयकर चुक्ता प्रमाण पत्र समेत संलग्न राखी पेश गर्नु पर्नेछ ।

३.धरौटी बापत आफुले कबोल गरेको अंकको पाँच ५प्रतिशत रकम यस कार्यालयको नामको श्री राष्ट्रीय बाणिज्य बैंक लिमिटेड मार्तडी शाखाको धरौटी खाता नं ४०७०१००३०३००००००२ मा नगद जम्मा गरी सोको दोस्रो प्रति सक्कल भौचर पेश गर्नु पर्ने वा सोही रकम बराबरको 'क' वर्गको बैंकद्वारा यस नगरपालिकाको नाममा जारी गरिएको बोलपत्र फाराम बुझाउने अन्तिम दिनबाट कम्तीमा १२० एकसय बीस दिनसम्म मान्य अवधि भएको बिडवण्ड पेश गर्नु पर्नेछ ।

४.बोलपत्र पेश गर्दा कबोल रकम अंक र अक्षरमा प्रष्टसँग लेखु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. दर्ता भएको बोलपत्रहरु फिर्ता सम्बन्धी व्यवस्था सार्वजनिक खरिद ऐन अनुसार नै हुनेछ ।

६. यो सुचना बमोजिम पर्न आएका कुनै वा सबै बोलपत्रहरु कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिकामा निहित रहने छ ।

७. कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन ।

८. बोलपत्र स्वीकृत भई सोको जानकारी प्राप्त भएको ७ दिन भित्र सम्झौता गरिसक्नु गर्नेछ र उक्त अवधि भित्र सम्झौता गर्न नआएमा उक्त बोलपत्रदाताको धरौटी जफत गरी दोश्रो बढी कबुल गर्नेलाई दिने प्रकृया नियमानुसार अगाडि बढाइनेछ ।

९.. ठेक्का स्वीकृत भएपछि सम्बन्धित ठेकेदारले बुझाउनु पर्ने ठेक्का रकम कार्यालयमा दाखिला गर्दा १३ प्रतिशतले हुने मुल्य अभिवृद्धि कर समेत बुझाउनु पर्नेछ ।

१०. यस ठेक्काको सन्दर्भमा कुनै पनि स्थानीय तह वा नेपाल सरकारलाई कुनै पनि किसिमको कर, दस्तुर, शुल्क बुझाउनु पर्ने भएमा सो बुझाउने दायित्व ठेकेदारकै हुनेछ ।

११. ठेक्का सम्झौता भइसकेपछि बीचमा कुनै कारण देखाई छोड्न पाइने छैन ।

१२. ठेक्का स्वीकृत भएपछि एकमुष्ट रकम बुझाउन चाहानेले मूल्य अभिबृद्धि करको रकम सहित एकमुष्ट बुझाउँदा कबोल अंकमा मू.अ करको रकम घटाई बाँकी रकममा १० प्रतिशत छुट दिइनेछ ।

१३. किस्ताबन्दीमा रकम बुझाउन चाहनेले स्वीकृत ठेक्का रकम बराबरको क वर्गको बैंकबाट जारी भएको घटीमा १३ तेह्र महिना अवधि भएको परफरमेन्स बण्ड बुझाई ठेक्का रकम तीन किस्तामा बुझाउन पर्नेछ । किस्ता रकम बुझाउदा पहिलो किस्ता ३५ प्रतिशत, दोस्रो किस्ता ३५ प्रतिशत र अन्तिम किस्ता ३० प्रतिशत रकम कायम गरिएको छ । यसरी किस्ता बुझाउँदा पहिलो किस्ता सम्झौता गर्दाकै बखतमा,दोस्रो किस्ता पुष मसान्तभित्र र अन्तिम किस्ता चैत्र पर्नेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

**"हामी सबैको रहर समृद्ध बडीमालिका नगर"**

५४१२६८(नगरप्रमुख) ५४१२८३(उपप्रमुख) ५४१२८५(प्र.प्र.अ.) ५४१२८४(लेखा) ५४१०६७(पंजिकरण) ५४११८०(आलेप) फ्याक्स न. ०९७-५४१२६८
email: badimalikamunicipality@gmail.com website :badimalikamun.gov.np

# बडीमालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मार्तडी बाजुरा
(   )

सुदूरपश्चिम प्रदेश


पत्र संख्या :- २०७७/०७८/
चलानी नं.:-

१४. तोकिएको समयमा किस्ता रकम नबुझाएमा प्रचलित कानून अनुसार जरिवाना गरिने र वैशाख मसान्त भित्रमा नबुझाएमा परफरमेन्स बण्डबाट असूल उपर गरिनेछ ।

१५. ठेक्का सकार गर्ने ठेकेदारले नगरपालिकाले तोकेको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखेर मात्र प्रयोग गर्नु पर्नेछ। प्रमाणित नगरिएको रसिदबाट रकम उठाएको पाईएमा नियमानुसार कानुनी कारवाही गरिनेछ । साथै रसिदको नमुना कार्यालयबाट उपलब्ध गराइने छ ।

१६. ठेक्का स्वीकृत हुने ठेकेदारले ढुङ्गा, गिट्टी, रोडा तथा वालुवा भरौट आदि संकलन गर्न पाउने नाका परिमाण र समय IEE प्रतिवेदन अनुसार देहाय बमोजिम हुनेछ ।

क.बडीमालिका नगरपालिका वडा न ८,९,२,६,४,५ र ७ को अनाई,बाउली,भौनेरा, बुढीगंगा नदीको क्षेत्रवाट ६२७१ घन मिटर ।

१७. सम्बन्धित कर संकलनका लागि नगरपालिकाले तोकिएको स्थानहरु वा नाका बाहेक अन्य स्थानबाट ढुङ्गा गिट्टी रोडा तथा वालुवा उत्खनन गरी विक्री गर्न वा त्यसको शुल्क उठाउन पाइने छैन ।

१८. तोकिएको नाका र परिणाम भन्दा बढी उत्खनन् गरी बिक्री गरेमा सोबाट हुने हानी नोक्सानी सबै ठेकेदारबाट भराइने छ ।

१९. राष्ट्रिय राजमार्ग सहायक वा अन्य सडकमा ढाट वा तगारो राखी कर संकलन गर्न पाइने छैन । राखेको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

२०. बोलपत्र धरौटी वापत नगदै रकम जम्मा गरिएको भएमा उक्त रकम एकमुष्ट बुझाउने रकममा समायोजन गर्न पाइने छैन । यस्तो रकम वा बोलपत्र जमानत ठेक्का अवधी समाप्त भएपछि आन्तरिक राजश्व कार्यालयबाट कर समायोजन पत्र लिई पेश गरेपछि मात्र फिर्ता वा फुकुवा दिइने छ ।

२१.यस नगरपालिका वा नेपाल सरकारको हित विपरित हुने कुनै काम गरेमा जुनसुकै बखत पनि ठेक्का तोडी अन्य व्यवस्था गर्न सकिनेछ। यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षति ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ ।

२२. तोकिएको शुल्क संकलन कार्य गर्दा व्यवधान वा समस्या परेमा दुई पक्ष विच आपसी छलफलद्धारा समाधान गरिने छ । त्यस्तो छलफलवाट सहमति हुन नसकेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ । उक्त निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ।

२३. वोलपत्र फारममा उल्लेख भए वाहेकका कुराहरुको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

२४. वन्द हड्ताल तथा अन्य मानव सृजित कारणहरुवाट सृजना हुने अवरोधका कारण ठेक्का रकम छुट वा मिन्हा दिईने छैन ।

२५.कुनै एक फर्मको नाममा खरिद गरेको वोलपत्र फारम अर्को फर्मको नाममा दखिला गर्न पाईने छैन ।

२६. ढुङ्गा, गिट्टि, रोडा तथा वालुवा जस्ता पदार्थहरु नदीवाट उत्खनन्न गर्दा प्रचलित कानुन तथा कार्यपालिका वैठकको निर्णय तथा निर्देशन पालना गर्नुका साथै नदीको प्राकृतिक वहावलाई प्रतिकुल असर नहुनेगरि नदीको channelingगरेर मात्र उत्खनन गर्नु पर्नेछ ।

२७. ढुङ्गा, गिट्टि, मिक्स गिट्टि, रोडा, वालुवा तथा भरौट माटो आदि निकाल्दा अर्काको घर जग्गा कुलो वाध वाटो आदि क्षति हुने गरि निकाल्न पाईने छैन ।

२८. यस ठेक्काको अवधि २०७७ मंसिर १६ गते शुरु भई २०७८ जेष्ठ मसान्त सम्म मात्र कायम गरिएको छ ।

२९. वोलपत्र फारम साथ पेश गर्ने कागजातहरु नोटरी पव्लिकवाट प्रमाणित भएको हुनुपर्नेछ ।

३०. वोलपत्र फारममा कवुल गरेको अंक वापतको रकम यस नगरपालिकालाई वुझाउदा चेक मार्फत कारोवार गर्न पाईनेछैन । कार्यालयले उपलव्ध गराएको वैंक खातामा नगद जम्मा गरी सो को भौचर पेश गर्नुपर्ने छ ।

३१. गत विगत वर्षमा यस नगरपालिकालाई ठेक्का रकम तिर्न वाँकि वक्यौता रहेको फर्म वा कम्पनीले यो सुचना वमोजिमको ठेक्का प्रकृयामा भाग लिन पाउने छैन।

३२. पेश भएका शिलवन्दी वोलपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २:०० वजे यसै कार्यालयमा वोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। सो समयमा वोलपत्र दाता वा निजहरुको प्रतिनिधिहरुको उपस्थिति नभएपनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

३३. वोलपत्र फारम खरिद गर्ने तथा दाखिल्ला गर्ने अन्तिम दिन विदा पर्न गएमा ती कामहरु क्रमश त्यसपछी कार्यालय खुलेको दिन हुनेछन् ।

नि.प्रमुख प्रशासकीय अधिकृत




५४१२६८(नगरप्रमुख) ५४१२८३(उपप्रमुख) ५४१२८५(प्र.प्र.अ.) ५४१२८४(लेखा) ५४१०६७(पंजिकरण) ५४११८०(आलेप) फ्याक्स न. ०९७-५४१२६८

email: badimalikamunicipality@gmail.com website :badimalikamun.gov.np